# पञ्चकन्या गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

लाकुरीभन्ज्याङ्ग , नुवाकोट

बागमती, प्रदेश

२०७३

प.सं. २०७९/८० 
च.नं. ३०६९

मिति :२०८०।०३।०५

विषय : भुक्तानी बन्द हुने सम्बन्धमा ।

श्री सरोकारवाला (सबै),
श्री विषयगत शाखा (सबै),
श्री वडा कार्यालय (सबै),
पञ्चकन्या गाँउपालिका, नुवाकोट ।

प्रस्तुत विषयमा, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(१) बमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गर्ने गराउने व्यवस्था रहेको छ। स्थानीय तहमा स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (SUTRA) बाट आर्थिक कारोवार हुँदै आएको र असार २४ गते नै (SUTRA) बन्द भई आर्थिक कारोवार बन्दहुने ब्यहोरा अवगत नै छ ।

तसर्थ, सो सम्बन्धमा यस कार्यालयबाट चालु आ.व. २०७९/८० का लागि स्वीकृत सम्पूर्ण योजना तथा कार्यक्रमहरुको भुक्तानी लिन बाँकी मातहतका कार्यालयहरु, शाखाहरु, सम्पूर्ण व्यक्ति, फर्म, आपुर्तीकर्ता, परामर्शदाता, निमार्ण ब्यवसायी, उपभोक्ता समितिहरु लगायत सम्पूर्ण सरोकारवालाहरुले चालु प्रकृतिका खर्चको हकमा २०८० असार १५ गते भित्र तथा पुँजिगत प्रकृतिका खर्चको हकमा २०८० असार २० गतेभित्र नियमानुसार कागजात पेश गरि फरफारक गर्नुहुन अनुरोध छ । साथै तोकिएको समय सिमा भित्र कार्यालयमा भुक्तानीको लागि कागजात पेश नभएमा/भुक्तानी नलिएमा स्वयं मातहतका कार्यालयहरु, शाखाहरु, सम्पूर्ण व्यक्ति, फर्म, आपुर्तीकर्ता, परामर्शदाता, निमार्ण ब्यवसायी, उपभोक्ता समिति तथा सरोकारवालाहरु नै जिम्मेवार रहनुपर्ने र कार्यालय जवाफदेही नहुने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गाराइन्छ ।

रामहरि न्यौपाने
लेखा अधिकृत

२०८०।०३।०५

राममणि काफ्ले
प्रमुख प्रशासकीय अधिकृत

राममणि काफ्ले
प्रमुख प्रशासकीय अधिकृत

अवगतार्थ
श्री अध्यक्ष ज्यू / श्री उपाध्यक्ष ज्यू, पञ्चकन्या, गाँउपालिका, नुवाकोट ।

बोधार्थ:
श्री सुचना प्रविधि शाखा : सुचना वेबसाइटमा अपलोड गर्नुहुन ।